प्रथम अध्यक्षताको सन्देश, अप्रिल २०१७

अध्यक्ष डिटर एफ उक्डोर्फद्वारा
प्रथम अध्यक्षतामा दोस्रो सल्लाहाकार



# पवित्रहरू आस्थामा जिउनेछन्

## पादरी र साबुन उत्पादक

साबुन उत्पादकको एउटा पुरानो यहुदी कथा छ जसले परमेश्वरमा विश्वास गर्दैनथ्यो । एक दिन जब उ एक पादरीसँग हिँडिरहेको थियो, उसले भन्यो, “एउटा कुरा छ जुन मैले बुझ्न सकिरहेको छैन । हामीसँग धर्म हजारौं वर्ष देखि छ । तर जहाँ हेरे पनि दुष्टता, भ्रष्टचार, ठगी, अन्याय, पीडा, भोग र हिंसा छ । यो देखिन्छ कि धर्मले संसारलाई कति पनि सुधारेको छैन । त्यसैले म तपाईंलाई सोध्छु, यसको के काम ?”

ती पादरीले केहि समय उत्तर दिएनन् तर ती साबुन उत्पादकसँग हिँडिरहे । अन्त्यमा उनीहरू एउटा खेलमैदान नजिकै आए जहाँ बालबालीकाहरु धुलोमा खेलिरहेका थिए ।

“मैले एउटा कुरा बुझ्िन,” ती पादरीले भने,” ती बच्चाहरुलाई हेर । हामीसँग हजारौं वर्ष देखि सबुन छ तर ती बच्चाहरू फोहरी छन् । साबुनको के काम ?”

त्यो साबुन उत्पादकले उत्तर दिए, “तर पदरीज्यू, यी बच्चाहरूका कारणले साबुनलाई दोष दिनु न्यायोचित हुँदैन । साबुनको उद्देश्य पूरा हुनु अगाडि यसलाई प्रयोग गर्नु पर्छ ।”

ती पदरी मुस्कुराए र भने, “वास्तवमा नै ।”

## हामी कसरी जिउने ?

प्रेरित पावलले एउटा पुरानो करारका अगमवक्तालाई उद्धृत गर्दै विश्वासी हुनु भनेको के हो भन्ने संक्षेपीकरण गरे जब उहाँले लेखे, “पवित्रहरू आस्थामा जिउनेछन्” (रोमीहरू १:१७)

सायद यो सरल भनाइमा हामीले एउटा धर्म जुन कमजोर र असरहीन र एउटा त्यस्तो धर्म जसको जीवन परिवर्तन गर्ने शक्ति हुने बिचको फरक थाहा पाउछौं ।

तर आस्थामा जिउनु भनेको के हो भनेर थाहा पाउन, हामीले आस्था के हो भनेर थाहा पाउनु पर्छ ।

आस्था विश्वास भन्दा बढी हो । यो कार्य सहितको परमेश्वरमा पूर्ण भरोसा हो ।

यो ईच्छा गर्नु भन्दा बढी हो ।

यो आरामसँग बसेर, टाउको हल्लाएर हामी सहमत छौं भन्नेभन्दा बढी हो । जब हामीले “पवित्रहरू आस्थाले जिउनेछन,” भन्छौं हामीले भन्न खोजेको हामी हाम्रो आस्था ले निर्देशित छौं भन्ने हो । हामी हाम्रो आस्थासँग मिल्ने गरी कार्य गर्छौं–नाकि सोच विहीन आज्ञाकारिता तर हाम्रो परमेश्वरप्रतिको विश्वस्त र निष्कपट माया र उहाँले आफ्ना सन्तानहरूलाई प्रकट गर्नुभएका अमूल्य विवेकका कारण ।

आस्था कार्यसँगै आउनु पर्छ; नत्र यसको प्राण हुदैन (यहून्ना २:१७)। यो आस्था हुनै सक्दैन । संसारको कुरा छोड्नुहोस यसमा एउटा व्यक्तिलाई मात्र पनि पविर्तन गर्ने शक्ति हुदैन ।

आस्था राख्ने पुरूषहरू र महिलाहरू उनीहरुका दयालु परमेश्वर पितामा भरोसा गर्छन्– अनिश्चितताको समयमा पनि, शंका र कठिनाइका बेला जब उनीहरुले पूर्णतामा वा स्पष्ट रुपमा नबुझेको समयमा पनि ।

आस्था राख्ने पुरूषहरू र महिलाहरू गम्भिर रुपमा चेलाको मार्गमा हिँड्छन् र उनीहरुका मुक्तिदाता येशू ख्रीष्टको उदाहरणलाई पालन गर्ने प्रयास गर्छन् । आस्थाले उत्प्रेरित गर्छ र साँच्चै नै हामीलाई हाम्रो हृदय स्वोर्ग तिर झुकाउन र हाम्रा साथीभाइहरुलाई सक्रिय रूपमा सहयोगको हात बढाउन, उर्जा दिन र आशिषीत गर्ने प्रेरणा दिन्छ ।

कार्य बिनाको धर्म बट्टा भित्र रहेको साबुन जस्तै हो । त्यस्मा चमत्कारिक सम्भावना हुन सक्छ तर वास्तवमा यसमा परिवर्तन गर्ने कम शक्ति हुन्छ जबसम्म यसले आफ्ना तोकिएका उद्देश्यहरु पूरा गर्दैन । येशू ख्रीष्टको पूनर्स्थापित सुसमाचार एउटा कार्यको सुसमाचार हो । येशू ख्रीष्टको चर्चले सत्य धर्मलाई आशा, आस्था र मायाको साथै अरूलाई आत्मिक र भौतिक तरिकाले सहयोग गर्ने का रुपमा सिकाउछ
केही महिना अगि मेरी श्रीमती हेरित र म हाम्रा केही बच्चाहरूसँग भू–मध्य क्षेत्र तिरको पारिवारिक यात्रामा थियौं । हामीले केही शरणार्थीका वासस्थानमा गयौं र युद्धग्रस्त देशबाट आएका परिवारहरूसँग भेट्यौं । यी मानिसहरू हाम्रा विश्वासका थिएनन् तर उनीहरु हाम्रा दाजुभाइ र दिदीबहिनीहरू थिए र उनीहरुलाई तुरुन्तै सहयोग चाहिएको थियौ । हामीहरूको मन गहिरो रुपमा छोयो जब हामी अफैले हाम्रा चर्चका सक्रिय सदस्यहरूले हाम्रा दाजुभाइहरूका लागि उनीहरुको धर्म, राष्ट्रियता वा शिक्षाको बेवास्ता गरी सहयोग, राहत र आशा ल्याएको प्रत्यक्ष अनुभव गर्‍यौं ।

निरन्तर कार्यमा जुटाइएको आस्थाले हृदयलाई दया,

मस्तिष्कलाई बुद्धि र समझ् र आत्मालाई शान्ति र मायाले भरिदिन्छ ।

हाम्रो आस्थाले हामी वरिपरिका र हामी दुबैलाई आशीषित र पवित्र तरिकाले प्रभाव पार्न सक्छ ।

हाम्रो आस्थाले संसारलाई असलपना र शान्तिले भरिदिन सक्छ ।

हाम्रो आस्थाले घृणालाई माया र दुस्मनहरूलाई मित्रहरूमा परिवर्तन गर्न सक्छ ।

पवित्रहरू, त्यसोभए, आस्थामा कार्य गरी जिउछन्; उनीहरु परमेश्वरमा भरोसा राखी र उहाँको मार्गमा हिडेर जिउछन् ।

र त्यस्तो प्रकारको आस्थाले नै व्यक्तिहरू, परिवारहरु, राष्ट्रहरू र संसारलाई परिवर्तन गर्न सक्छ ।

---

### यो सन्देशबाछ सिकाउने

अध्यक्ष उक्डोर्फले आस्था भनेको विश्वासको अभिव्यक्ति भन्दा बढी हो भन्नुहुन्छ । परमेश्वर पिता र येशू ख्रीष्टमा सच्चा आस्थाका लागि कार्य आवश्यक हुन्छ र आस्थामा जिवनहरू र परिवारहरू परिवर्तन गर्ने शक्ति हुन्छ । तपाईंले
आफूलाई सिकाउनेहरूलाई आस्थामा जिउदा देखेका आशीषहरु र शक्तिका क्षणहरूका बारेमा बाँढ्न आमन्त्रण
गर्न सक्नुहुन्छे–व्यक्तिगत उदाहरणहरू वा अरूको अवलोकन बाट । उनीहरुलाई सुसमाचार अनुसार अझ राम्रोसँग कसरी जिउने भन्ने थाहा पाउन निर्देशनका लागि प्रार्थना गर्न प्रोत्साहन गर्नुहोस् ।

## यूवा

### आस्थामा अरूको सेवा गर्ने

अध्यक्ष उक्डोर्फले भन्नुहुन्छ कि परमेश्वरमा हाम्रो आस्था “कार्यको साथमा हुनुपर्छ ।” जब हाम्रो आस्थालाई “निरन्तर कार्यसँग जुवाइन्छ,” उहाँले भन्नुहुन्छ, यसले “आत्मालाई शान्ति र मायाले भरिदिन्छ ।” यो आशीषको प्रतिज्ञासँगै, हामीले फरक पार्न सक्छौं र हामीले यो हाम्रो जीवनमा देख्न सक्छौं यदि हामी आस्थापूर्ण सेवा गर्ने समय निकाल्यौं भने । तपाईंले हरेक बिहानी अरूलाई सेवा गर्न सहयोगका लागि परमप्रभुलाई प्रार्थना गर्न सक्नुहुन्छ । उदाहरणका लागि जब कुनै दाजुभाइलाई कुनै काममा सहयोग चाहिएमा वा जब कुनै साथीलाई प्रशंसा चाहिएको बेला उहाँलाई देखाइदिन भन्न सक्नुहुन्छ । र जब तपाईंले कुनै संकेत पाउनुभयो भने, कार्य गर्नुहोस् ! यदि तपाईंले यी प्रार्थनाहरू र यो सेवालाई एउटा बानी बनाउनुभयो भने तपाईंको आस्थापूर्ण निरन्तर कार्यले तपाईंको जीवन र अरूको जीवनलाई आशीषित गर्नेछ । अध्यक्ष उक्डोर्फले प्रतिज्ञा गर्नुहुन्छ कि तपाईंले “व्यक्तिहरू, परिवारहरू, राष्ट्रहरू र संसारलाई परिवर्तन गर्न सक्नुहुन्छ ।

## बालबालिका

### भरोसा

कुनै साथीसँग यो क्रियाकलाप गरि हेर्नुहोस । तपाईंले उनीहरुका निर्देशनहरूमा भरोसा राखी ध्यान दिएर पालन गर्नुपर्छ ।

एउटा सादा कागजको पाना लिनुहोस र एउटा अनुहारको प्रतिनिधित्व गर्ने गरी एउटा गोलाकार बनाउनुहोस् । एउटा कलम वा सिसाकलम हातमा लिएर आखाँ बन्द गर्नुहोस् ।
तपाईंको साथीलाई यो अनुहारको कहाँ आँखा, नाक, मुख र कपाल बनाउने भनेर भन्न दिनुहोस् । त्यस पछि हेर्नुहोस् । कस्तो भयो ? तपाईंले यो अनुहारमा रंग लगाउन सक्नुहुन्छ र फेरि खेल्न अर्को बनाउन सक्नुहुन्छ !

कहिलेकाहीँ निर्देशनहरू पालना गर्न गाह्रो हुन्छ । तर जब हामीले पवित्र आत्मालाई सुनेर परमेश्वर पितालाई अनुशरण गर्छौं, उहाँले हामीलाई सहयोग गर्नुहुनेछ । हामीले जहिले पनि उहाँको भरोसा गर्न सक्छौं ।

© 2017 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६।
97924-372 को अनुवाद ।

# पादरित्वको सपत र करार

प्रार्थनापूर्वक यो सामग्रीको अध्ययन गर्नुहोस् र के बाँड्ने भनेर बुझ्नुहोस् । कसरी राहत समाजको उद्देश्य बुझ्नाले परमेश्वरका छोरीहरूलाई अनन्त जीवनका आशीषहरुका लागि तयार गर्दछ ।

आस्था, परिवार, राहत

जति धेरै हामी दिदीबहिनीहरूले यो पादरित्वको सपत र करार हामीलाई व्यक्तिगत रुपमा लागु हुन्छ भन्ने बुझ्छौं, त्यहीँ हामीले यसका आशीषहरु र प्रतिज्ञाहरूलाई आत्मसाथ गर्नेछौं ।

बाह्रगणका एल्डर रासल बालार्डले भन्नुभयो, “ती सबै जसले परमप्रभुसँग पवित्र करार गरेकाछन् र जसले ती करारको पालना गर्छन् उनीहरु व्यक्तिगत प्रकाश प्राप्त गर्न, प्रशासन गर्ने दूतहरुद्वारा आशीषित हुन, परमेश्वरसँग बार्तलाप गर्न, सुसमाचारको पूर्णता प्राप्त गर्न र अन्त्यमा पितासँग भएका सबै कुराहरुको येशू ख्रीष्टसँगै उत्तराधिकारी बन्नका लागि योग्य हुन्छन् ।”[१]

पादरित्वका सपथ र करारका आशीषहरु र प्रतिज्ञाहरू दुबै पुरूष र महिलालाई लागु हुन्छ । दिदी शेरी एल डिउ, राहत समाज साधारण अध्यक्षताकी पूर्व सल्लाहकारले भन्नुभयो, “परमप्रभुको घरका सबै भन्दा उच्च विधिहरुमा हुने पादरित्वको पूर्णतालाई एउटा पुरूष र महिलासँगैले मात्र प्राप्त गर्न सक्छन् ।”[२]

दिदी लिन्डा के बर्तन, राहत समाज साधारण अध्यक्षले यो निमन्त्रणा गर्नुभएको छ, “म तपाईंहरुलाई पादरित्वका सपथ र करारहरुलाई स्मरण गर्न निमन्त्रणा गर्दछु जुन सिद्धान्त र करारको ८४:३३–४४ मा पाउन सकिन्छ । यसो गरेमा, म प्रतिज्ञा गर्दछु कि पवित्र आत्माले पादरित्व बारेको तपाईंको बुझाइलाई फराकिलो बनाइदिनेछ र तपाईंलाई अनौठो तरिकाले प्रेरित र उत्थान गर्नेछ ।”[३]

जोसेफ स्मिथको उद्देश्य राहत समाजका महिलाहरुलाई पादरित्वका विशेषाधिकारहरु, आशीषहरु र उपहारहरु प्राप्त गर्न” तयार गर्नु थियो । जुन मन्दिरका यी विधिहरुबाट पूरा गर्न सकिन्छ ।

“मन्दिरका विधिहरू पादरित्वका विधिहरू हुन् । यी विधिहरूले पुरूष वा महिलालाई पादरित्वका पदहरु दिँदैनन् तर यी विधिहरुले परमप्रभुका मानिसहरुः–महिला र पुरूषलाई माथिबाट शक्तिले आशीषित गरिनेछ भनिएको प्रतिज्ञालाई पूरा गर्नेछन् ।

### थप धर्मशास्त्रहरू र जानकारी

सिद्धान्त र करार ८४:१९–४०;१२१:४५–४६; reliefsociety.lds.org

### सूचीहरु

१. एम रासल बालार्ड, “Men and Women and Priesthood Power,” *Liahona*, सेप्तम्बर २०१४, ३६ ।
२. शेरी एल डिउ, in *Daughters in My Kingdom: The History and Work of Relief Society* (२०११), १२८ ।
३. लिन्डा के बर्टन, “Priesthood Power—Available to All,” *Ensign*, जुन २०१४, ३९–४० ।
४. Gospel Topics, “Joseph Smith’s Teachings about Priesthood, Temple, and Women,” topics.lds.org.

### यसको बारेमा विचार गर्नुहोस्

पादरित्वको सपथ र करारले प्रतिज्ञा गरेका आशीषहरुलाई अझै पूर्ण रुपमा बुझ्न र प्राप्त गर्न तपाईंले थप के गर्न सक्नुहुन्छ ?

© 2017 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६। 97924-372 को अनुवाद ।